फोन नं.- ०२५-५८११६३

# श्री पकली माध्यमिक विद्यालय

इटहरी - १७ पकली, सुनसरी

स्थापना- २०११

च.नं.:- ९८२

प.नं :- ०७६/७७

मितिः- २०७७ / ०३ /१०

विषय :- कर्मचारी आवश्यकता ।

प्रस्तुत विषयमा यस श्री पकली माध्यमिक विद्यालय इटहरी -१७ पकली ,सुनसरीको विद्यालय व्यवस्थापन समितिको मिति २०७७ /०३ /०१ गतेको निर्णय अनुसार विद्यालयमा एक जना कर्मचारी कार्यालय सहायक ( खरिदार ) विद्यालयको आन्तरिक स्रोतबाट तलव तथा अन्य सुविधा पाउने गरी कर्मचारी नियुक्ति गर्ने निर्णय भए अनुसार सो को लागि शिक्षा, युवा तथा खेलकुद महाशाखा इटहरी उप-महानगरपालिकाको च.नं. २८९ मिति २०७७ /०२ /१८ को अनुमति पत्र अनुसार प्रचलित ऐन नियम वमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी विज्ञापन गर्ने अनुमति पत्र प्राप्त भए वमोजिम विज्ञापन प्रकाशन गरीएको छ । तोकिएको योग्यता पुगेका उम्मेदवारहरुबाट विज्ञापन प्रकाशन भएको तोकिएको मिति भित्र कार्यालय समयमा आफै उपस्थित भई आवेदन दर्ता गराउन हुनका लागि सूचित गरीन्छ ।

तपसिल

विज्ञापन नं. २ / ०७७

क) पद - कार्यालय सहायक ख) तह- खरिदार ग) संख्या- १ ( एक) ।

घ) किसिम- निजिस्रोत ( करार) ङ) तलव भत्ता - वि.व्य.स.को निर्णय अनुसार ।

च) शैक्षिक योग्यता - १२ कक्षा उत्तीर्ण वा सो सरह । कम्प्युटर सम्वन्धि सिप अनिवार्य भएको ।

छ) उमेर - १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको । ज) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने ।

झ)कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ञ) भविश्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिएको ।

ट).निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु :-

अ) निवेदन दस्तुर रु १,१००।- ( एक हजार एकसय मात्र ।) विद्यालयमा तिरेको नगदी रसिद सककल प्रति -१

आ ) शैक्षिक योग्यताको प्रमाण पत्रहरु को प्रतिलिपि - २ प्रति ।

इ ) नेपाली नागरिकता प्रमाण -पत्रको प्रतिलिपि -१ प्रति ।

ई) निरोगिता प्रमाण पत्र सक्कलै प्रति -१ ।

उ) )पासपोर्ट साईजको फोटो प्रति -२ ।

ठ ) निवेदन दिने मिति २०७७।०३।१० गते देखि२०७७ ।०३।३० गते दिउसो २: ०० वजे सम्म ।

ढ ) सम्पर्क मिति :- २०७७ ।०४।०२ गते दिनको २:०० वजे ।

ण ) परीक्षाको किसिम

अ) लिखित :१०० पूर्णाङ्क ।

आ) मौखिक र कम्प्युटर प्रयोगात्मक २५ पुर्णाङ्कको हुने ।- मौखिक परीक्षामा अनुभवलाई पनि समेटीनेछ ।

त) लिखित परीक्षा हुने मिति :- संपर्क मितिमा जानकारी गराईने छ ।

३/१०

प्रधानाध्यापक
श्री पकली माध्यमिक विद्यालय
इटहरी-१७, पकली, सुनसरी